नेपाली कन्सुलेट जनरल

जेद्दा, साउदी अरब

**Consulate General of Nepal**

Jeddah, Kingdom of Saudi Arabia

القنصلية العامة النيبالية

جدة، المملكة العربية السعودية


## प्रेस विज्ञप्ति

मध्यविन्दु ४ नवलपरासी स्थायी ठेगाना भई वैदेशिक रोजगारीको सिलसिलामा सवारी चालकको भीषामा साउदी अरब आएका नेपाली नागरिक थानेश्वर भुषालले चलाएको सवारी साधन २०१२ जुन ५ मा दूर्घटनामा परेको र सो दूर्घटनामा साउदी नागरिक रदजमान अलजदानी सहित एकजना भारतीय नागरिकको मृत्यु भएको थियो । मृतक रदजमान अलजदानीका कानूनी हकदारले दियारकम (Blood Money) कोलागि जेद्दास्थित न्यायालयमा दर्ता गरेको मुद्धामा थानेश्वर भुषाल समेतलाई दोषि ठहराई प्राइभेटराइट अन्तर्गत सा.री १५०,००० ब्लडमनि तिर्नुपर्ने फैसाला सुनाएको र उक्त रकम भुक्तान गर्न नसकेकाले निज भुषाल २०१४ फेब्रुवारी ६ देखि जेद्धास्थित जेलमा रहेकाथिए । ब्लडमनि मिनाहा गरिदिन यस कन्सुलेटले पटक पटक छलफल गरेपनि मृतकको हकवालाले सो अस्वीकार गरेकाले जेलमुक्तिका निमित्त ब्लडमनि तिर्नुको विकल्प थिएन । परिवारको दुईछाक गर्जो टार्नकै निमित्त विदेशिनु परेको भुषाल परिवारले त्यतिका रकम जुटाउन सक्ने संभावना समेत थिएन । सामाजिक संस्था प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी) को पहलमा र यस कन्सुलेटको पूर्ण सहयोगमा थानेश्वर भुषाल उद्धारका लागि ब्लडमनि सहयोग जुटाउने अभियान २०७४ भदौवाट आरम्भ भएको थियो । स्वदेश र विदेशमा रहेका विभिन्न नेपाली संघ, संस्था तथा मनकारी चन्दादाताहरुको सहयोगले माघ दोश्रो हप्ता आवश्यक रकम सा.रि १५०,००० यस कन्सुलेटमा प्राप्त भयो । तत्पश्चात कन्सुलेटबाट भुषालको जेलमुक्तिकालागि कानूनी प्रक्रिया र मृतकका हकदारसंगको छलफल संगै अघि बढाइयो । मृतकको हकदारले कन्सुलेटको अनुरोधलाई स्वीकार गरी दियारकममा सा.रि. ३०,००० कम गरेकोले न्यायालयमार्फत १२०,००० को चेक हस्तान्तरण गरी रिहाइको आधार तय गरियो । रिहाइका अन्य कानूनी प्रक्रिया पूरा भएपछि मे २८ मा जेलमुक्त भई जुन ८ मा थानेश्वर भुषाल सकुशल स्वदेश फर्केका छन् । बचत सा.रि. ३०,००० यस कन्सुलेटको बैंक खातामा रहेकोले परराष्ट्र मन्त्रालयमार्फत फिर्ता पठाइने छ ।

साथै, गत जुलाईमा सवारी दूर्घटना पश्चात जेद्दाको न्यायालयले ३१,५०० क्षतिपूर्ति रकम तिर्न फैसला सुनाएका धनुषा निवासी नागेन्द्र लामालाई समेत जेलमुक्त गराई जुन ३ मा स्वदेश फर्काउन सफलता मिलेको छ । सो दूर्घटनाको दोश्रोपक्ष अलमराई कम्पनीले क्षतिपूर्ति रकम कम गराइदिन कन्सुलेटले गरेको अनुरोधलाई स्वीकार गरी सा.रि। १२,००० मात्र लिन सहमति जनाएको थियो । नागेन्द्रको परिवारले सा.रि ५०००, उनलाई साउदी पठाउने सिनेट मेनपावर व्यवसायीले सा.रि ५००० र गैर आवासीय नेपाली संघले सा.रि. २००० रकम उपलब्ध गराएका थिए । त्यसैगरी सवारी दूर्घटनामा ३ लाख साउदी रियाल ब्लडमनी तिनुपर्ने केसमा ताइफ जेलमा रहेका नेपाली नागरिक धन बहादुर थापा हाल जेलमुक्त भइसकेका र केही समयपछि स्वदेश फर्कने तयारीमा छन् । विगत केही समययता विभिन्न अभियोगमा जेल जीवन विताइरहेका नेपाली नागरिक मक्सुद पठान, गिरबहादुर महरा, रेलबहादुर गोले, जिब्राइल अलि लगायतलाई जेलमुक्त गराई स्वदेश फिर्ता पठाइसकिएको छभने जेद्दा जेलमा रहेका सन्तोष अधिकारी, जिजान जेलमा रहेका टिकाराम सापकोटा र वेस जेलमा रहेका बल बहादुर बस्नेत सहितका ७ जनाको केस अदालतबाट अन्तिम फैसला भइसकेकोले केही समयपछि नै स्वदेश फर्कने छन् ।

थानेश्वर भुषाल अभियानको नेतृत्व गर्ने पिएनसीसी, रकम जुटाउन सहयोग पुऱ्याउने गैर आवासीय नेपाली संघ लगायत स्वदेश र विदेशमा क्रियाशिल विभिन्न संघ संस्थाहरु, व्यक्तिगत चन्दादाताहरु, सामाजिक अभियन्ताहरु र क्षतिपूर्ति रकम घटाएर सहयोग पुऱ्याउने साउदी नागरिक साद अल जदानी सहित सबैप्रति कन्सुलेट जनरल हार्दिक धन्यवाद व्यक्त गर्दछ । त्यसैगरी नागेन्द्र लामाको जेलमूक्तिको लागि सहयोग गर्ने सबैलाई कन्सुलेट आभार व्यक्त गर्दछ । साथै, धनबहादुर थापालाई जेलमुक्त गराउन यस कन्सुलेटको अनुरोधमा कानूनी सहायता गर्ने साउदी नागरिक बातर सुपादीलाई पनि कन्सुलेट विशेष धन्यवाद व्यक्त गर्दछ ।

अन्तमा, नेपाली कन्सुलेट जनरल, जेद्दाबाट हुने हरेक उद्धार अभियानमा साउदी अरबको पश्चिम मक्काक्षेत्र लगायतका सबै नेपाली समूदायको सहयोग र सहकार्य रहिआएको छ । नेपाली समूदायबाट प्राप्त सहयोगको उच्च मूल्याँकन गर्दै आगामी दिनमा पनि सहकार्यको निमित्त कन्सुलेट प्रतिवद्ध रहेको छ ।

नेपाली महाबाणिज्यदूतावास, जेद्दा

जेठ ३०, २०७५ (जुन १३, २०१८)

नेपाली कन्सुलेट जनरल
जेद्दा